# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०१/१२
तेस्रो अधिवेशन
(२८औं बैठक)
बाचन पत्र (रिडिङ्ग पेपर)

**१. माननीय सदस्यहरू,**

यस सभाको तेस्रो अधिवेशनको २८ औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

**२. माननीय सदस्यहरु,**

अब प्रदेश सभा नियमावली, २०७४ को नियम ११० लाई **"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** पारित नभए सम्मका लागि उक्त विधेयकका हकमा मात्रै लागु हुने गरि निलम्बन गरियोस भन्ने प्रस्ताव माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**३. माननीय सदस्यहरू,**

अब, म प्रदेश सभा नियमावली, २०७४ को नियम ११० लाई **"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** पारित नभए सम्मका लागि उक्त विधेयकका हकमा मात्रै लागु हुने गरि निलम्बन गरियोस भन्ने प्रस्तावका प्रस्तावक माननीय अक्कल बहादुर रावललाई नियम २१६ बमोजिम उक्त प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय अक्कल बहादुर रावल**

माननीय सभामुख महोदय, हाम्रो प्रदेशमा विभिन्न समयमा विभिन्न घटनाहरु घटेका छन् र प्रदेश सभामा पनि त्यसका बारेमा प्रदेशमा हुने विपद् र जसबाट हुने मानवीय क्षति जसका लागि प्रदेश सरकारले उपलब्ध गराउनु पर्ने राहत तथा विभिन्न कार्यक्रमहरु प्रदेश सभाले आवश्यक ऐन बनाउन नसक्दा विलम्ब हुन गएको कुरा हामी सबैलाइ अवगत नै छ । जसका सन्दर्भमा हामीले यो प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक जुन आवश्यकता लामो समयदेखी खट्किदै आइराखेको थियो । त्यो प्रदेश सभामा टेबुल भएको छ र यसलाइ द्रुत गतिमा छिटो भन्दा छिटो यसलाइ पारित गरेर आगाडी बढाउनका खातिर यसमा प्रदेश सभा नियमावलीमा भएको नियम २१६ सँग सम्बन्धित बुदालाइ निलम्बित गर्नुपर्ने देखिएको हुँदा म त्यो प्रस्ताव पढेर सुनाउन चाहान्छु । प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५ सभाबाट पारित नभएसम्मका लागि उक्त विधेयकका हकमा मात्र लागु हुने प्रदेश सभा नियमावली २०७४ को नियम ११० को विधेयक माथि संशोधनको सूचना पेश गर्न सकिने नियमलाइ निलम्बन गरी शिघ्र विधेयक पारित गरिने प्रकृया अगाडी बढाइयोस भनी प्रदेश सभा नियमावली २०७४ को नियम २१६ बमोजिम यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

*(प्रस्ताव प्रस्तुत भएपछि)*

**४. माननीय सदस्यहरू,**

अब, म माननीय अक्कल बहादुर रावलले प्रस्तुत गर्नु भएको प्रस्तावको समर्थका लागि माननीय श्यामलाल राना थारुलाई समय दिन्छु ।

**मानननीय श्यामलाल राना थारु**

माननीय सभामुख महोदय, प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक हालसम्म नभएकै कारणले हाम्रो सुदूरपश्चिम प्रदेश सरकारले यस प्रदेश अन्तरगत भएका विभिन्न विपद् जोखिमहरु र क्षति सम्बन्धी हाम्रा जनताहरुले जुन अहिलेसम्मको परिस्थिति भोग्नुपरेको छ र राहतमा भएका जनतालाइ राहत दिनका लागि समयमै हामीले यो विधेयक ल्याउनु पर्ने थियो । ढिलो आएका कारणले ततकाल यसको आवश्यकता रहेको छ । त्यस कारणले यो विधेयकलाइ तत्काल पारित गर्नको लागि अनिवार्य देखिन्छ । तसर्थ यस सम्मानित सदनबाट पारित तुरुन्त लागु हुनुपर्ने स्थिति रहेकोले यसरी यो फास्ट ट्र्याकबाट यो विधेयकलाइ पारित गर्नुपर्ने अवस्था रहेको छ । त्यस कारणले प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५ सभाबाट पारित नभएसम्मका लागि उक्त विधेयकका हकमा मात्रै लागु हुने प्रदेश सभा नियमावली २०७४ को नियम ११० को विधेयक माथि संशोधनको सूचना निलम्बन गरी सिघ्र विधेयक पारित गरिने प्रकृया अगाडी बढाइयोस भनी प्रदेश सभा नियमावली २०७४ को नियम ११६ बमोजिम माननीय अक्कल बहादुर रावलले यस सदनमा प्रस्तुत गरेको प्रस्तावलाइ समर्थन गर्दछु ।

**५. माननीय सदस्यहरु,**

अब म माननीय अक्कल बहादुर रावलले प्रस्तुत गरेको नियम निलम्बन सम्बन्धी प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

***(“हुन्छ” भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

***(“हुन्न” भनेपछि)***

***(हुन्न भन्ने आवाज नआएमा)***

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सभा नियमावली, २०७४ को नियम ११० लाई **“प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५”** का हकमा मात्र लागु हुने गरी उक्त विधेयक सभा बाट पारित नभए सम्मका लागि निलम्बन गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

**६. माननीय सदस्यहरू,**

अब, **“प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५”** विधेयक माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**७. माननीय सदस्यहरु,**

अब म आन्तरिक मामिला तथा कानून मन्त्रि माननीय प्रकाश बहादुर शाहलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (क) बमोजिम **“प्रदेश विपद्**

**जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** माथि सभाबाटै दफाबार छलफल गरी पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह**

माननीय सभामुख महोदय, प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ को देहायको खण्ड (क) बमोजिम प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५ माथि सभाबाटै दफावार छलफल गरियोस् भनी यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

***(प्रस्ताव पेश भए पछि)***

८. **माननीय सदस्यहरु,**

अब म आन्तरिक मामिला तथा कानून मन्त्रि माननीय प्रकाश बहादुर शाहले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

***("हुन्छ" भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

***("हुन्न" भनेपछि)***

***(हुन्न भन्ने आवाज नआएमा)***

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** लाई सभाबाटै दफावार छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

९. **माननीय सदस्यहरू,**

अब, **"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** माथिको दफावार छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ३ (तीन) मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्यामलाल राना थारु लाई समय दिन्छु ।

**माननीय श्यामलाल राना थारु**

माननीय सभामुख महोदय, प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५ यो सदनमा पेश भएको छ सरकारको तर्फबाट पेश गरिएको छ । यो विधेयक अत्यन्तै मेहेनतका साथमा सरकारले सुजबुझका साथ बनाएर ल्याएको छ पेश गरेको छ । त्यस कारणले यो विधेयकमा रहेका दफाहरुको अध्ययन गर्दा उपयुक्त नै देखिएको छ र केही सामान्य त्रुटी त नभनौं केही कुराहरु समझदारीका साथमा सच्याएर पनि

लैजान सकिन्छ । त्यस कारणले यसमा अलिकति यो कार्यकारी समिति जुन बनाइएको छ त्यो कार्यकारी समितिमा ३३ प्रतिशत महिला सहभागिता एवं महिलाको सुनिश्चितताका लागि कसरी व्यवस्थित गर्न सकिन्छ त्यस बारेमा मैले आफ्नो राय पेश गर्न चाहान्छु र यो विधेयक अति उत्तर र सराहनीय भएको कुरा प्रस्तुत गर्न चाहान्छु ।

**माननीय देवकी मल्ल थापा**

माननीय सभामुख महोदय, हिजो बिहान मात्रै धनगढीबाट बझाङ्ग गइराखेको बस डडेल्धुराको साहुखर्क भन्ने ठाउमा दुर्घटना भएको छ । यो दुर्घटनाले धेरै मर्माहित बनाएको छ । त्यो दुखत घटनाबाट ज्यान गुमाउनु हुने मृतकहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहान्छु । र त्यो घटनाबाट सम्पूर्ण घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना पनि गर्न चाहान्छु र पीडित परिवारलाइ समवेदना पनि व्यक्त गर्न चाहान्छु । तर हामी विपद व्यवस्थापन विधेयक पास गर्न गइराखेका छौं । सायद सरकारले धेरै सुझबुझका साथ मन्त्रालयले धेरै सुझबुझका साथ यो विधेयक ल्याएको छ । समितिमा गएर गहन छलफल भएर पनि आइपुगेको छ । यो सबै हिसाबले दरिलो तरिकाले यहाँ आइपुगेको होला भन्ने पनि लागेको छ । हामीले पढ्दा पनि यो राम्रै लागेको छ । त्यसैले यो विधेयक जे आइको छ ठीक छ । तर हुन पनि हाम्रो सरकार गठन भएको पनि धेरै महिना भइसक्यो र हामी प्रदेशमा आएको पनि धेरै भइसक्यो । र हाम्रो प्रदेशमा निर्वाचन क्षेत्र र जिल्लाहरुमा पनि विभिन्न खालका घटनाहरु दुर्घटनाहरु विपदहरु हरेका खालका समस्याहरु खोच्याइ लागेको छ । हामीले बोल्दै भन्दै आयौं सोच्दै पनि आयौं यसको व्यवस्था हुनुपर्छ भनेर । सायद अब त्यो व्यवस्था हुन्छ भन्ने आशा जगाएको छ । तर यसको दफावार छलफलमा जाँदा दफा हेर्दा समिति गठनको कुरा जो छ परिच्छेद ३ मा । यो समिति गठन गर्दा सायद यसमा महिलाहरुको उपस्थिति हुनुपनेर्छ जस्तो लागेको छ मलाइ । हरेक समितिहरु संसदहरु देशैभरी उन्नत खालको समाज बनाउने कुरा हामीले गरिराखेका छौं ३३ प्रतिशतको कुरा हामीले गरिराखेका छौं सहभागिताको कुरा गरिराखेका छौं दलित हरुलाइ महिलाहरुलाइ हरेक ठाउमा उपस्थिति गराउने कुराहरु निर्णायकतहमा लैजाने कुराहरुमा विशेष ध्यान दिनुपर्छ जस्तो लाग्छ । र साच्चिकै मैले बोल्दै आएँ बझाङ्ग जिल्लामा पहिला पनि एउटै परिवारमा ५ जना मानिसको ज्यान गएको कुरा, गाडी सहित परिवारका मानिस सहित एउटै खोलामा गाडिएको कुरा, आगलागेर घरभित्र बच्चा जलेर मरेको कुरा लगायतका श्रंखलावद्ध घटनाहरु छन् बझाङ जिल्लाको । तर यो दुर्घटना जो छ त्यो लगायतका घटनाहरुको राहतको क्षमता सरकारले छिटोभन्दा छिटो व्यवस्था गर्ने गरी सोचोस र यसता दुर्घटनाहरु बढ्दै गएका छन् । यसपछि अर्को यी घटनाहरुको न्यूनीकरणका लागि सम्बन्धित निकायहरुले सचेत हुन र सचेत गराउन पनि सरकारको ध्यान जाओस भन्ने कुरा राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय लिलाधर भट्ट**

माननीय सभामुख महोदय, सरकारले विपद जोखिम न्यूनीकरण सम्बन्धी विधेयक ल्याएको छ यसको लागि धन्यवाद दिन चाहान्छु । मेहेनत गरेको छ धेरै मेहेनतका बाबजुत अलि ढिलो भएको छ ढिलै भएपनि राम्रै भएको छ यसको लागि धन्यवाद दिन चाहान्छु । यो विधेयक पारित गर्नलाइ नियमावलीका केही दफा निलम्बन गर्नुपर्ने भएकोले समितिमा नगएर यतैबाट पास हुने गरी हामीले अहिले नियमावलीको दफालाइ नै निलम्बन गरेका छौं । यति गरिरहदा हामीले संसद भित्र नै यसको सुधार गर्न सकिने केही बुदाहरु राखुपर्ने भएको हुनाले मैले यसका मुख्य मुख्य विषयमा कहा यै राख्दा राम्रो हुन्छ कि भन्ने तरिकाले सुझाव दिन चाहान्छु । सर्वप्रथम यसको हेडिङ मै यो विधेयकको नामनै ध्यान दिनु पर्छ कि जस्तो लाग्यो भलाइ । यलाइ प्रदेश विपद जोखिमको

ठाउमा सुदूरपश्चिम प्रदेश किनकी अब हामी प्रदेश भन्न वितिकै कुन प्रदेश भनेर हेरिराखु पर्दैन । सर्वप्रथम सुदूरपश्चिम प्रदेश विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक २०७६ यहाँ २०७५ लेखिएको छ र अगाडी र पछाडी दुइटा शब्द राखु जरुरी देखिन्छ किनकी यो २०७५ मा क्याबिनेटबाट पास भएको हुन सक्छ । त्यही हिसाबले यसलाइ २०७५ लेखिएको हो । तर यो दर्ता सदनमा आइपुग्दा २०७६ वैशाख ६ गते दर्ता भएको हुनाले यो विधेयक २०७५ नभइ २०७६ भएको हुनाले यसलाइ पनि माननीय मन्त्रीज्यूले राखुहुनेछ भन्ने मलाइ विश्वास छ । त्यसैगरी प्रस्तावनाको पहिलो लाइनमै प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट सर्वसाधारण भन्ने शब्द लेखिएको छ । सर्वसाधारणले हाम्रो समाजलाइ वर्गिकरणको रुपमा बुझ्ने भएको हुनाले सम्पूर्ण मानव तथा जिवजन्तु भनेर राख्दाखेरी सर्वसाधारणको मात्रै कुरा मानिसको लागि पनि क्लासको रुपमा वर्गीकरण हुन सक्ने र अर्को जीवजन्तुको कुरालाई पनि यहाँ छुट्न सक्ने देखिएको हुनाले सम्पूर्ण मानव तथा जिवजन्तु भनेर एउटा शब्द सर्वसाधारणको राख्दा अझै राम्रो हुन म देख्दछु । यसैगरी यस ऐनको नाम प्रदेश विपदको ठाउमा सुदूरपश्चिम भन्ने पहिलो संक्षिप्त नाम र प्रारम्भमा राख्दा अझै स्पष्ट हुन्छ र यसैका साथसाथै यस ऐनमा अर्को बुदा मैले यहाँ के पनि आग्रह गर्न चाहे भने कोषको रकम प्रयोग हुन सक्ने नसक्ने भन्ने एउटा बुदा, बुदा नं. १५ मा छ जसमा के उल्लेख गरेको छ भने कसैलाइ चन्दा पुरस्कार उपहार वा अनुदान उपलब्ध नगर्ने भन्ने खालको एउटा बुदा लेखिएको छ । कसैलाइ चन्दा पुरस्कार उपहार के हो दिन मिल्दैन तर अनुदान भन्ने शब्द हामीले पीडितलाइ अनुदान दिनुपर्ने हुन्छ र पीडित परिवार आयोग र पीडित परिवारलाइ अनुदान हामी दिन सक्दैनौं भने तालिम गोष्ठी र सेमिनार जस्तै र उद्धार मात्रै गर्न सकिने हुन्छ त्यो बेला सरकारले अनुदान दिन सक्ने भएको हुनाले यसलाइ हटाइदिन मैले दफा १२ को उपदफा (ग) को अन्तिम शब्दावली अनुदान प्रदान गर्न सक्ने छ माथि तेलाइ हटाइदिन म आग्रह गर्न चाहान्छु । यसैगरी दफा १५ मा चार वटा बुदा सम्म ठीक छ एउटा बुदा अर्को कुनै पनि प्रदेश भरीको कुनै पनि पालिकामा संकटग्रस्त क्षेत्र घोषित गर्न सक्ने भन्ने यो विधेयकमा प्रस्तुत भएको छ त्यो क्षेत्रभित्र पनि कुनै स्थानीय तहसँग सहकार्य सहकारीमा जस्तै यसमा कुनै पनि अन्तर प्रदेशसँग सहकार्य समन्वयमा भन्ने छ यो ठिक छ र त्यसका साथसाथै कुनै पनि स्थानीय तह विशेषलाइ त्यसतो संकटग्रस्त क्षेत्र घोषणा हुँदाखेरी त्यससँग सहकार्य र समझदारीका साथ अगाडी बढ्न सकिने भनी स्पष्ट गरिदियो भने अनुदान दिने ठाउको पनि व्यवस्थापन गर्न सक्यो भने भोलिका दिनमा त्यसतो संकट हुदा हामीलाइ कानूनले रोक्यो अझै हामीले मुल कानूनलाइ नै गर्नुपर्ने हुन्छ भन्ने तरिकाले हामी जानु पर्दैन । अन्य कुराहरुमा धेरै मेहेनत गरेको छ । पूर्ववक्ता मान्यज्यूहरुले जे जे कुराहरु यहाँ राखेका छन् त्यसमा मेरो सहमति छ र यि कुराहरुलाइ थप गर्न सकेको खण्डमा एकदमै राम्रो भएर हामीलाइ छिटो कार्यान्वयनमा सहयोग पुग्नेछ भन्ने विश्वासका साथ आफ्ना भनाइ यही टुंग्याउछु धन्यवाद ।

***(बोलि सकेपछि)***

**१०. माननीय सदस्यहरू,**

अब, आन्तरिक मामिला तथा कानून मन्त्रि माननीय प्रकाश बहादुर शाहलाई छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह**

माननीय सभामुख महोदय, प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक माथि दफावार छलफलका सन्दर्भमा माननीय श्यामलाल रानाथारु माननीय लिलाधर र माननीय देवकी मल्ल थापाले महत्वपूर्ण सुझावहरु दिनुभएको छ त्यसको लागि म धन्यवाद दिन चाहान्छु । खासगरी माननीय श्यामलाल रानाथारु र माननीय देवकी मल्लले Gender Representation को महिलाको प्रतिनिधित्वको कुरा उठाउनु भएको छ ।

खास गरेर यो समिति पदेन समितिको रुपमा निर्धारण हुने भएकाले पदेन प्रतिनिधित्व हुने कुराहरुमा लैंगिक कुराहरु उठाउनु कत्तिको सम्भव छ । अब मन्त्रि भनेभने महिला मन्त्री दाबी गर्ने सचिव भनेभने महिला सचिव राख्नु पर्ने कानून महाशाखाको प्रमुख भनेभने कानून महाशाखाको महिला प्रमुख भन्नुपर्ने यो कत्तिको उचित हुन्छ यो विचारणीय कुरा होला कि भन्ने अनुरोध गर्न चाहान्छु । तर अरु स्थानीय लेबलका समितिहरुमा महिलाहरुको एकदमै जबरजस्त उपस्थिति छ । तैपनि सुजाव ग्रहणीय छ भन्ने मलाइ लागेको छ । माननीय लिलाधर भट्टले केही दफाहरुमा सुझाव दिनुभाछ समेट्दा राम्रो हुन्छ कि भन्ने यि सबै आएका सुझावहरुलाइ म ग्रहण गर्न चाहान्छु र आएका सुझाव समेतलाइ समेटेर कारबाही अगाडी बढाउन अनुरोध समेत गर्न चाहान्छु । धन्यवाद ।

*(जवाफ दिएपछि)*

**११. माननीय सदस्यहरू,**

**"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** माथि दफावार छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**१२. माननीय सदस्यहरू,**

अब, म **"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** माथि दफावार छलफलको क्रममा उठान भएका संशोधित व्यवस्थाहरु विधेयकको अंग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु । यसको पक्षमा हुने सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

*(हुन्न भनेपछि)*

*(हुन्न भन्ने आवाज नआएमा)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** माथि दफावार छलफलको क्रममा उठान भएका संशोधित व्यवस्थाहरू सर्वसम्मतीले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**१३. माननीय सदस्यहरू,**

अब, म विधेयकका २ (दुई) देखि ४५ (पैचालिस) सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू **"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।
यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

*(हुन्न भनेपछि)*

*(हुन्न भन्ने आवाज नआएमा)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ (दुई) देखि ४५ (पैचालिस) सम्मका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू सर्वसम्मतीले **“प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५”** को अंङ्ग बनेको घोषणा गर्दछु ।

१४. **माननीय सदस्यहरू,**

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना** : प्राकृतिक तथा गैर प्राकृतिक विपद्बा ट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् पुर्वको तयारी, पिडितको उद्दार, राहत वितरण,पुर्नस्थापना र पुर्नलाभ जस्ता विपद् व्यवस्थापनका क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न कानुन बनाउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा १९७ बमोजिम सुदुरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **“प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५”** रहेको छ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ ।

*(पढेर सुनाएपछि)*

१५. **माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नामलाई **“प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७६”** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

*(हुन्न भनेपछि)*

*(हुन्न भन्ने आवाज नआएमा)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले **“प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७६”** को अङ्ग बनेको घोषणा गर्दछु ।

*(घोषणा गरेपछि)*

१६. **माननीय सदस्यहरू,**

अव म, आन्तरिक मामिला तथा कानून मन्त्रि माननीय प्रकाश बहादुर शाह लाई **"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७६"** लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह**

माननीय सभामुख महोदय, प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७६ लाई सभाबाट पारित गरियोस भनी यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

***(प्रस्ताव प्रस्तुत भएपछि)***

**१७.माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्रि माननीय प्रकाश बहादुर शाहले पेस गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।
प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

***(हुन्छ भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

***(हुन्न भनेपछि)***

***(हुन्न भन्ने आवाज नआएमा)***

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७६"** सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

**१८. माननीय सदस्यहरू,**

अब म, प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउछु ।

मिति २०७६।०१।०९

विषयः- अधिवेशन अन्त्य सम्बन्धमा ।

माननीय सभामुखज्यू
प्रदेश सभा सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारीसमा प्रदेश सभाको तेस्रो अधिवेशन मिति २०७६।०१।१२ गते वृहस्पती बार राती १२:०० बजे देखि लागु हुने गरि अन्त्य गरेको छु ।

(मोहनराज मल्ल)
प्रदेश प्रमुख

बोधार्थ:
श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय
सुदूरपश्चिम प्रदेश, धनगढी कैलाली

**१९. माननीय सदस्यहरू,**

यो अधिवेशनको सुभारम्भ मिति २०७५।१०।०४ गते शुक्रबारका दिनबाट भएको थियो । यो अधिवेशन प्रारम्भ भई हालसम्म कार्य गर्दा देहाय बमोजिमका मुख्य कार्यहरू सम्पन्न भएका छन् ।

(१) सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ पारित भयो ।
(२) प्रदेश बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ पारित भयो ।
(३) सुदूरपश्चिम प्रदेशको लोकमार्ग विधेयक, २०७५ पारित भएको ।
(४) सुदूरपश्चिम प्रदेशको सुशासनको प्रत्याभुति गर्न सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०७५ पारित भयो ।
(५) प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५ पारित भयो ।
(६) प्रदेश सभाको सचिव र सचिवालय संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
(७) प्रदेश विपद् जोखिम न्यूनीकरण सम्बन्धी विधेयक, २०७५ पारित भयो ।
(८) सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको क्रममा रहेको छ ।
(९) प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेकोविधेयक, २०७५ सचिवालयमा दर्ता हुन आएको छ ।
(१०) यस सभाको तेस्रो अधिवेशनमा २८ वटा बैठक सम्पन्न भएका थिए । जम्मा दिन २६ र जम्मा समय २४+ = [ ] घण्टा १५+ = [ ] मिनेट बैठक संचालन भएको थियो ।
(११) सम्माननीय प्रधानमन्त्रीज्यूबाट सभालाई सम्बोधन गर्ने कार्य सम्पन्न भयो ।
(१२) सम्माननीय प्रधानमन्त्रीज्यूको सम्बोधनको लागि धन्यवादको प्रस्ताव पारित भयो ।
(१३) तत्कालीन पर्यटन तथा नागरिक उड्ययन मन्त्री स्व.रविन्द्र अधिकारीज्यू लगायतका व्यक्तिहरुको हेलिकप्टर दुर्घटनामा परि दुखद् निधन, पूर्व अर्थमन्त्रि स्व.भरत मोहन अधिकारीज्यूको उपचारका क्रममा भएको दुखद् निधन र बारा, पर्सामा आएको हावाहुरीबाट निधन हुनु भएका सम्पूर्ण व्यक्तिहरुको दुखद् निधन प्रति शोक प्रस्ताव पारित गरियो ।
(१४) यस अधिवेशनमा विशेष समय ११ पटक र शुन्य समय ४ पटक संचालन भएको थियो ।

**२०. माननीय सदस्यहरू,**

यस अधिवेशनको समिक्षा सहित आफ्नो मन्तव्य राख्न प्रदेश सरकार र सभामा प्रतिनिधित्व गर्ने

संसदीय दलका तर्फबाट केही माननीय सदस्यहरुको लागि समय प्रदान गरेको छु ।

सर्वप्रथम म माननीय कृष्ण बहादुर चौधरी .लाई समय दिन्छु ।

**माननीय कृष्ण बहादुर चौधरी**
चौधरी भाषामा वाचन गरेको ।

**माननीय कर्ण बहादुर मल्ल**
माननीय सभामुख महोदय, आज हामी हाम्रो यो प्रदेश सभाको हिउदे अधिवेशनको सम्पन्न भएको दिनमा पुगेका छौं र यो सम्पन्न हुँदै गर्दाखेरी यो हिउदे अधिवेशन ९८ दिन चल्यो यसको समयावधि र २४ घण्टा ५० मिनेट भनेर सभामुखज्यूबाट नै सुन्न पायौं समयको विवरण र २८ वटा वैठकहरु सम्पन्न भए । झन्न झन्नै आजको सहित ८ वटा विधेयक यो प्रदेशले नयाँ कानून संसदबाट निर्माण भएका छन् यो प्रदेशका जनताका लागि । यो प्रदेशका जनताका लागि सरकारले काम गर्न सहज हुनका लागि यो हिउदे अधिवेशनका हाम्रा उपलब्धी हुन । यो उपलब्धीको लागि यो सिंगो संसद र यो हाम्रो प्रदेशको सरकारलाइ हाम्रो पाटीको तर्फबाट धन्यवाद दिन चाहान्छु र यो गतिविधिमा संलग्न सम्पूर्ण यो प्रदेशका संयन्त्रहरु विज्ञहरु माननीयज्यूहरु र राष्ट्रसेवक कर्मचारी मित्रहरु र यलाइ राज्य संयन्त्र प्रदेश संयन्त्रलाइ निरन्तर नियालिराखेको पत्रकारहरुलाइ पनि धन्यवाद दिन चाहान्छु । यो भन्दै गर्दा अस्ती १० गते दिउसो ४ बजे डडेल्धुराको देवलमा एउटा जिप दुर्घटना भयो र ७ जना घाइते भए । ७ जनामध्ये केही उपचारकै क्रममा छन् । त्यसैगरी १० गते ४ बजे अत्तरियाबाट छुट्नुपर्ने धनगढीबाट बझाङजाने बस, प्रहरी बस संचालक र यात्रुको बिचको विवादका कारण ४ बजे अत्तरियाबाट छुट्नुपर्ने बस साडे १० बजे राती छुट्छ । र डडेल्धुराको साहुखर्कमा गएर दुर्घटनाग्रस्त भयो ६ जनाले अकालमा मृत्यु भएको छ । ३४ जना घाइते भएका छन् । ३४ जना मध्ये ५ जना डडेल्धुरा अस्पतालमा उपचारथ छन् । ६ जना धनगढीकै मेट्रो अस्पतालमा उपचारको क्रममा छन् र म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । यस्ता घटना प्रहरीका लापरवाहीका कारण बस चालक र सहचालकका लापरवाहीका कारण यस्ता घटना अब नघटनका लागि सरकारले चनाखो ढंगले जिम्मेवार ढंगले सम्बन्धित निकायलाइ सचेतता बनाओस र परिचालन गर्नमा कन्जुस्याइ नगरोस र यी दुइटा घटेका घटनाप्रति मृत्यु भएका आत्माको शान्तिको लागि इश्वरसँग प्रथना गर्न चाहान्छु र जो उपचारका क्रममा रहेका घाइतेहरु छन् तिको अभिभावक्व प्रदेश सरकारले लिओस भन्ने आग्रह गर्न चाहान्छु । यसै गरि कन नेपालसरकारका पूर्व मन्त्री रामकृष्ण ताम्राकारको १० गते दुखत निधन भएको छ । वाहाप्रति पनि हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहान्छु । आज हाम्रो प्रदेशको तेश्रो अधिवेशन हिउदे अधिवेशन सम्पन्न गरेर हामी सबै मान्यज्यूहरु आ-आफ्नो निर्वाचन क्षेत्र आफ्नो जिल्लामा जाने तयारीमा छौं । सम्पन्न हुने पूर्व सन्ध्यामा उभिएका छौं । हामी खुशी भएर निर्वाचन क्षेत्र जाने र अब उत्साहित भएर अब आउने बजेट महाधिवेशनको लागि जिल्लाबासीका आवाजहरु लिपिवद्ध भएर सरकार समक्ष ल्याउने तयारीको अवस्थाको निम्ति यो समय हुने हो । यो समयमा यो सरकारले विभिन्न योजनाहरु वैशाख मसान्तभित्र सम्झौता गरिसक्नुपर्ने भनेर निर्देशन दिएको छ । आज वैशाखको १२ गते जादै गर्दाखेरी ति योजनाहरुको अख्तियारी सम्बन्धित जिल्लामा गएका छैनन् । र ति योजनाहरु कहिले अखित्यार जानेहुन् कहिले सम्झौता हुनेहुन् । कहिले कार्यान्वयन हुने हुन् । हामी जनप्रतिनिधिहरु अन्यौलमा छौं । जनता हेरेका हेरै छन् । पानी नपरेको जमिनमा पानी पर्ला र रोपाइ गरौंला बिउ छडौला भन्ने ढंगले विकास निर्माणको चपेटामा रुमलिएका समाजका जनताहरु हेरेका हेरैछन् । सरकार यो निरन्तर यै हिउदे अधिवेशनमा पनि २८ वटा वैठकमा निरन्तर यो अधिवेशन शुरुवात यो संसदको पहिलो अधिवेशनबाटै हामी

प्रतिपक्ष दलका सांसदहरुले कुरा उठाउदै गर्दा सत्ता पक्षका आदरणीय मान्यज्यूहरुले तपाइहरुले सरकार धेरै वर्ष चलाउनुभो । धेरै पछि नेपाली जनताले र सुदूरपश्चिमका जनताले हामीहरुलाइ सरकार चलाउने जिम्मेवारी दिएका छन् । तपाइहरु हेरिराखुस हामीहरु तपाइहरुलाइ साथमै लिएर यो सुदूरपश्चिम जुन किरा छ यो किराबाट मुक्त सुदूरपश्चिम जुन सुदूरपश्चिमको बेरोजगारी छ त्यो बेरोजगारीबाट मुक्त सुदुरपश्चिम जुन सुदूरपश्चिमको गरिबि छ त्यो गरिबिबाट मुक्त सुदूरपश्चिम जो सुदूरपश्चिमको पिछौडे समाजबाट ग्रसित समाज छ त्यो बाट मुक्त सुदूरपश्चिम बनाउने जिम्मा सुदूरपश्चिमका जनताले हामीलाइ दिएका छन् । हाम्रो सरकार हाम्रो पार्टीको सरकार बनेको छ भनेर बुलंद ढंगले असाध्यै सिष्ट सालिन र प्रभावकारी शब्दको समावेश सहित यो गरिमामय संसदमा सत्ता पक्षका माननीय सांसदका कुरा सुन्न हामीले पाएका थियौ । तत्कालीन अबस्थामा जनताका पक्षमा खबरदारी गर्दैं गर्दा तपाइहरु सरकार संचालनमा कही चुक्दै हुनुहुन्छ । योजना छान्ने देखी लिएर कार्यान्वयन गर्ने देखी लिएर यो बजेट विधि विधान सम्बत चलाउने देखी लिएर जनताका इच्छा आकांक्षाहरुलाइ समष्टिगत रुपमा प्रदेश सरकारले अभिभावकको भूमिका निर्वाह गर्न कही चुक्नुहोला भनेर हामीले औपचारिक अनौपचारिक रुपमा गरिमामय संसदका मार्फत पटक पटक भन्दै गर्दाखरी हाम्रा आवाजहरु निरिह भएका थिए । तर यो हिउदे अधिवेशन जुन ९८ दिनको समयावधिमा २८ वटा वैठक चले र २८ वटा वैठकमा जुन २४ घण्टा ५० मिनेटको पिरियड हामी यहाँका माननीय मन्त्रीज्यू बाहेकका सिंगो संसदका सांसदहरुले विशेषतह यो प्रदेशका सत्तारुढ दलका माननीय सांसदज्यूहरुका आवाजहरु हामीले पहिलो संसद र विशेषतः यो आउदै गरेको बजेट अधिवेशनताका उठाएका कुराहरुमा नै टेकेर जनताका पक्षमा उठाउने आवाजहरु त एउटै हुने रहेछन् । जनताका बिचका समस्याहरु सुन्दै गर्दा हरेक जनप्रतिनिधिहरु एउटै समस्याभित्र अल्झिएका हुने रहेछन् । यलाइ नसोधि सरकारले नसुनिदिदा सरकारलाइ अभिभावकत्व नदिदै गर्दाखेरी सरकारले जिम्मेवारी बोध नगर्दिदाखेरी सबै माननीयका एउटै पिडा हुनेरैछन् भन्ने कुराहरु हामीलाइ बोध भएको छ । यसलाइ राजनीतिक रुपमा हामीले उपलब्धिमुलकको रुपमा नेपाली कांग्रेस अथवा यो संसदको प्रतिपक्ष दलले महसुस गर्दैंगर्दाखेरी सुदूरपश्चिम का जनता जहाका त्यही छन् । यहाँका समस्या जहाका त्यही छन् । यहाको पीडा जहाका त्यही छ । यहाँको गरिबी जहाँको त्यही छ । यतिमात्र होइन संकट आएको जुन प्रदेशको परिवर्तको लागि प्रदेशका भौतिक पूर्वाधारको विकासको लागि जुन आएको बजेट छ त्यो बजेटको १० प्रतिशत पनि खर्च नभएकोहुनाले आज यो प्रदेशको सरकारमाथि २६ लाख सुदूरपश्चिमबासी जनताहरुले यहाँका बुद्धिजिविहरुले यहाँका नागरिक समुदायहरुले यहाँका पत्रकारहरुले यहाँका व्यापारीहरुले यहाँका गरिखाने र गरिखान्छु भन्ने हरेक युवायुवतिले आज प्रश्न गरिराखेका छन् । हाम्रो प्रदेशको सरकार सुतिराखेको छ अथवा उभि राखेको छ । अथवा उभिएर निदाइराखेको छ भनेर सोधिराखेका छन् । त्यसकारण म एउटा मात्र दृष्टान्त म भन्न चाहान्छु । यो संघीय सरकारले केही दिन अगाडी निर्णय गरेको छ । हाम्रा अस्पतालका ९ वटै जिल्लाका अवस्था यस्ता छन् पटक पटक एउटै दृष्टान्त भन्दाखेरी त्यो फिक्को अथवा हलुको भएको देखिन्छ किनभने सरकार जिम्मेवारी नहुदै गर्दाखेरी सरकारले ग्रहण नगर्दै गर्दाखेरी हामी जनप्रतिनिधिहरु एउटै शब्द एउटै घटना एउटै स्थान एउटै समस्या निरन्तर यो गरिमामय सदनमा उठाउदै गर्दाखेरी हलुका शब्दहरु समस्यापनि हलुका हुदा उठाउदै गर्दा उठाउदे सांसदहरु पनि हलुका भएका छन् । संघीय सरकारले सुदूरपश्चिमलाइ कति विभेद गरेको छ । यो प्रदेश सरकारलाइ यो गरिमामय संसद मार्फत उभ्याएर प्रश्न गर्न चाहान्छु । केही दिन अगाडी संघीय सरकारले डाक्टरको दरबन्दीको निर्णय गरेको छ । त्यो डक्टरको दरबन्दीको चिकित्सकहरु खटाउने निर्णय गर्दाखेरी कुनै प्रदेशमा ३३ हजार बराबर एउटा डक्टर कुनै प्रदेशमा ४२ हजार बजार एउटा डक्टर तर सुदूरपश्चिम प्रदेशमा २ लाख ५० हजार बराबरको एउटा चिकित्सकको दरबन्दी खटाउने निर्णय गरेको छ । यो निर्णय संघीय सरकारले गरेको धेरै दिन भइसक्दापनि प्रदेश सरकारले

यतातिर ध्यान गएको छ कि छैन गएको छैन भने यो प्रदेश सरकारको ध्यान जाओस र सुदूरपश्चिम सबैभन्दा पिछडिएको सबैभन्दा पिडामा रहेको हरेक दृष्टिकोणले भन्नेमात्र हौं हामी सरकारमा रहदापनि केही पनि गर्न सकिएन भने भोली यसको जिम्मेवारी यसको जवाफदेहीता हामी उठाउने उठाइ मात्र राख्ने सरकारले नलिने हो भने झन विडम्बनाका दिनरु दुखका दिनहरु हाम्रा अगाडी आउछन् कि भन्ने हाम्रा चिन्तालागेको छ । र अन्तमा यसका एउटा विद्यालयमा व्यवस्थापन समिति पनि छ प्रचार्य पनि हुनुहुन्छ विषयगत शिक्षक पनि हुनुहुन्छ । चाहिने भन्दा चाहिने जति विद्यार्थी पनि छन् । भौतिक पूर्वाधारको पनि लगभग कुनै कमी छैन । बजेटको पनि कुनै कमी छैन । अभिभावकको शालिन्ताको पनि कुनै अभाव छैन । तर हेर्दैगर्दाखेरी अभिभावकले हेरिराखेका हुन्छन् । प्राचार्यले राम्रोसँग स्कुल चलाइराखेको छ । विषयगत शिक्षकहरु पनि छन् विद्यार्थीहरु पनि राम्रै छन् बाहिर देखिदा । अनुशासिततै देखिराखेका छन् । पठनपाठनका कुराहरु विशिष्टकुरा बाहेक पठनपाठन भइराखेको पनि देखिराखेको छ । तर जब वार्षिक परिक्षा हुन्छ परिक्षा दिन्छन् सम्पूर्ण विद्यार्थीहरुले रिजल्ट आउछ । रिजल्ट आउदाखेरीत सबैभन्दा गरिब रिजल्ट हुन्छ । म फलानो स्कुलमा पढिराखेको हुँद भन्ने विद्यार्थीलाइ पनि त्यो स्कुलको नाम लिनलाइ शिर निहुराउनुपर्ने मेरो छोरा त्यो स्कुलमा पढ्छ भन्ने अभिभावकलाइ पनि त्यो स्कुलको नाम लिन शिर झुकाउनुपर्ने म फलानो स्कुलको प्राचार्य हुँ भन्नेलाइ लाजलाग्ने परिस्थिति त्यो स्कुलको प्राचार्यलाइ पनि हुने । त्यो स्कुललमा म फलानो विषय पढाइराखेको छु भन्ने विषयगत शिक्षकलाइ पनि लाजलाग्ने अवस्था जस्तै त्यो परिणाम आउछ वार्षिक परिक्षा पश्चात । माने त्यै भित्र कुनै चिजको कमी नहुदाखेरी पनि कुनै चिजको पनि अभाव नहुदै गर्दा खेरी पनि विद्यार्थीहरुले परिक्षा दिइसकेपछि रिजल्ट किन गरिब आउछ किन विद्यार्थीहरु फेलै फेल भएका आउछन् र अभिभावकहरु निराश हुन्छन् अब मैले विद्यार्थी कहाँ पढाउने भनेर । त्यस्तै यो सुदूरपश्चिम प्रदेशको सरकार भएको छ । सरकारका गतिविधि प्रत्येक यहाँका जनताहरु भएका छन् । सरकार छ हामीसँग संसद छ संसदले सरकारले दिएका विधेयकहरु समयमै विषयगत छलफल गरिकन पास गरेर दिएको छ कार्यान्वयनको पक्षमा शुरुमै फितलो भइराखेको छ । पहिले पनि यो गरिमामय सदनमा कुरा उठाइसकेका छौं । हामी विधेयक पास गर्दै छौं यो सुदूरपश्चिम प्रदेश कस्तो बनाउने सुशासन कस्तो बनाउने बजेट कस्तो बनाउने कार्यान्वयन कस्तो बनाउने भनेर तर योजना हामी सामाजिक संजाल मार्फत मागेरा छु त्यो कारण म अन्तमा फेरी के भन्न चाहान्छु भने सम्पूर्ण चिज हुँदै गर्दाखेरी पनि एउटा विद्यालयबाट कुनै विद्यार्थी पास नहुने परिस्थिति जसरी आउछ त्यसैगरीकन हामीसँग सरकार छ संसद छ बजेट छ हामीसँग कानून छ कानून नभए कार्यविधि बनाएर हामीले काम गर्न सक्ने अधिकार हुँदैगर्दा पनि जनता निराश छन् । अब आउने अर्को बजेटमा अर्को संसदमा सरकार चनाखोपूर्ण ढंगले सरकार जनताप्रति उत्तरदायी भएर सरकार संसदप्रति उत्तरदायी भएर सरकार संसदमा बोलेका कुराप्रति उत्तरदायी भएर यो अर्को आउने सदनमा आउने भन्ने अपेक्षा सहित आफ्ना यही भनाइ राख्दछु धन्यवाद ।

**माननीय तारा लामा तामाङ**

सभामुख महोदय, आज हामी प्रदेश सभामा सांसद भएपछिको तेश्रो अधिवेशनको अन्त गर्न गइराखेका छौं । यो भन्दा अगाढी दुइटा सत्र चलिसकेको छ र दुइटा सत्रभन्दा यो सत्र अझ व्यवस्थित र परिमार्जित भएर अगाडी बढेको भन्ने कुरा हाम्रो सुदूरपश्चिमका संघीय व्यवस्थालाइ सुदृढ देख्न चाहाने प्रदेश सरकार प्रदेश सभा र यो सुदूरपश्चिमको समृद्ध देख्न चाहाने जनताहरु सुभचिन्तकहरु बुद्धिजिविहरुले भनिराखेका छन् । र यो बिचमा हामीले धेरै अभ्यासहरु गरेका छौं । हाम्रो आफ्नो प्रदेश सभा संचालन नियमावली संशोधन देखी महत्वपूर्ण विधेयहरु सरकारबाट प्रस्तुत भएको छ र केही विधेयकहरु छोटो समयमा पास भएको छ । छिटो छरितो तरिकाले फास्ट ट्रयाकबाट पनि पास गरेका छौं र केही बिधेयकहरु अझ परिमार्जित रुपले छलफल गर्नुपर्छ

भनेर अझ छलफल गर्ने चरणमा हामी छौं । यसो भइराख्दा हामीले सबै तरिकाहरु सबैखाले विधिहरु अपनाएर सदनलाइ अझ परिमार्जित र अझ व्यवस्थित गर्न हामी सांसदहरु हाम्रो यो प्रदेश सभा हाम्रो सुदूरपश्चिम सरकार लागिरहेको देखिन्छ । जनता चाहान्छन् आफुले निर्वाचित गरेको सांसदहरुले छिटोभन्दा छिटो जनचासोको विषयहरुमा समाधान गर्न पहल गरोस आफुले निर्वाचित गरेर बनाएको प्रदेश सांसदहरुले प्रदेश सभा मार्फत बनाएको प्रदेश सरकारले त्यसतो काम छिटो भन्दा छिटो गरोस भन्ने चाहाना राख्नु स्वभाविक हो र हामीले निर्वाचनमा व्यक्तिगत रुपले होस वा संस्थागत रुपले होस र हामीले मतदानको बेला मतदाताहरुलाइ र हामीले भोट माग्ने बेला हाम्रो आदरणीय मतदाताहरुलाइ हामीले यो कुरा भनेनौं कि हामी संघीयताको पहिलो अभ्यासको रुपमा हामी प्रदेश सभाको सरकार गठन गर्न प्रदेश सभा गठन गर्न गइराखेका छौं प्रदेशको सरकार गठन गर्न गइराखेका छौं । यो नितान्त नयाँ भएको कारणले आफ्नो बाटो आफै बनाउदै अगाडी बढ्नुपर्ने भएको हुनाले र पहिलै नै बनिसकेको बाटो पहिलै नै बनिसकेको संरचनाहरु बनिसकेको कानूनहरुमा टेकेर काम गर्न हामी गइराखेका छैनौं । हामी आफै गरिरहदा हामीलाइ यस्तो अड्चनहरु जनताले चाहाना बमोजिमको कामहरु गर्न अलि ढिला हुन सक्छ है भनेर त्यो बेला भन्या भए आज चारै तिरबाट प्रदेश सरकारलाइ आक्रमण हुनेथिएन होला । किनभने केन्द्र सरकारको आफ्नै एउटा संयन्त्र छदैछ । स्थानीय तहको संयन्त्र छदैछ । त्यस कारणले यस्ता कुराहरु चिर्न चिरेर प्रदेशको सरकार प्रदेश सभा र संघीयतालाइ व्यवस्थित गर्नका लागि हामीले एकमत भएर एकजुट भएर जानुको विकल्प छैन । त्यसमा चाहे प्रदेश सभा होस चाहे प्रदेश सरकार होस चाहे प्रदेश सभाभित्रको सत्ता पक्ष होस या प्रतिपक्ष होस एकजुट भएर हामीले यसलाइ प्रदेश सभा र प्रदेश सरकारको साखलाइ जोगाएर अगाडी बढ्नुको विकल्प हामीसँग थिएन । हो यसरी जान खोज्दा कहीकतै केही कमजोर भएको हुनसक्छ तर हाम्रो सरकार हामी प्रदेश सभाका सांसदहरुले नियतबस गरेको जस्तो लाग्दैन त्यस कारणले यो तेश्रो सत्रमा धेरै यस्ताहरुको अभ्यास भएको छ । हामीले बजेट छिटोभन्दा छिटो कार्यान्वयन गर्नुपर्छ भनेर लागिराखेका छौं तरपनि अझैपनि केही कार्यालयहरुमा कर्मचारीको अभाव छ । केही विधि नियमको अभाव छ केही अघि हाम्रो पूर्ववक्त माननीयज्यूले भन्नुभएको झै हामी नया भएको कारणले सिक्ने चरणमा भएको कारणले पनि हामीमा त्यो कमजोरी भएको छ । हुनसक्छ तर यो सत्रमा राम्रो छलफल भएको छ आगामी सत्रमा अझ हामीले यसलाइ राम्रोसँग व्यवस्थित तरिकाले लान के गर्न सकिन्छ हामी प्रदेश सभामा छलफल गरौंला सरकारले पनि तेलाइ ध्यान दिनुहुनेछ र सरकारले पनि अझै हामी सबैको सरकार सबैको व्यवस्थाले हामी पक्ष प्रतिपक्ष जे भएपनि हामीलाइ जनाले निर्वाचित गरेको सुदूरपश्चिमको प्रदेश सभाको निर्वाचित अथवा हामी सुदूरपश्चिमको प्रतिनिधिहरु हौं भन्ने एउटा मात्र हेक्का राखेर सुदूरपश्चिमलाइ कसरी समृद्धी बनाउन सकिन्छ । त्यो समृद्धी बनाउनमा संविधान बमोजिम आवश्यक कानूनहरु के बनाउन सकिन्छ यसतर्फ ध्यान दिनेहो भने हाम्रो सुदूरपश्चिम हामी धेरै राम्रो भविष्य देख्छौं । र सरकारले पनि हुनसक्छ यसता कुराहरु गर्दा अझ वृहत गरिकाले छलफल गर्ने व्यापकताका साथ छलफल गर्ने र व्यापकताका साथ सबैलाइ राम्रो काममा समेट्दै अगाडी बढ्ने काममा सफल हुनेछ र हाम्रो प्रदेश सभालाइ अझ व्यवस्थित तरिकाले लान अझ महत्वपूर्ण भूमिका खेल्ने गरी धेरै महत्वपूर्ण कुराहरु आएको छ त्यस कारणले पनि हाम्रो प्रदेश सभा यो सत्र एउटा इतिहासिक भएको छ । सभामुखज्यूले भनिसक्नुभो प्रतिवेदन प्रदेश सभाको मुख्य मुख्य काममा हामीले हाम्रो प्रदेश सभामा सम्माननीय प्रधानमन्त्रीज्यूको सम्बोधन सम्माननीय प्रधानमन्त्रीजीलाइ हामीले हाम्रो प्रदेशको बारेमा ध्यानाकर्षण र प्रदेश सभाले धन्यवाद प्रस्ताव पेश गरेको पारित गरेको र यि सबै कुराहरुलाइ मध्येनजर यो प्रदेश सभामा भएको कुराको मध्येनजर राख्दै आगामी दिनमा कसरी जान सकिन्छ त्यसतर्फ फेरीपनि एकजुट भएर अगाडी बढ्नुपर्ने छ आगामी सत्रमा बजेटसत्र हुने भएको हुनाले त्यो बजेट सत्र कसरी व्यवस्थित तरिकाले हामी सबैको साझा समस्या भनेको सुदूरपश्चिमको गरिबी र सुदूरपश्चिमबाट नै बढी रोजगार गर्न जाने रहरले

होइन कर जाने जुन बाध्यता छ तेलाइ रोक्न हामीले के गर्न सक्छौं सरकारले प्रश्ताव गरेको स्वरोजगार कार्यक्रमलाइ व्यवस्थित तरिकाले लगेर होस या यै सुदूरपश्चिम प्रदेशमा काम गर्न खोज्ने धेरै मानिसहरुले मलाइ हामीलाइ भन्ने गर्छन हाम्रो सरकारले अथवा अबत सरकार एकमनाको आएपछि राम्रो अवसर दिनुपर्यो भन्दै भन्नेपनि गर्छन । त्यसमा हामीले अर्थात मैले के भन्ने गर्याछु भने गरिखानेहरुलाइ केही गरेर खान्छु केही गरेर शिपमुलक काम उद्योग कलकारखाना जेपनि गरेर खान खोज्ने व्यक्तिहरुलाइ त्यो वातावरण बनाउने काम पहिलो हो जस्तो लाग्छ । चाहे त्यसमा जुनसुकै तरिकाले पनि होस । त्यो काममा हामी लागौं र बाजुरादेखी दार्चुलासम्मको पहाडी भेगका जनताहरुले समस्याहरुको सन्दर्भमा कैलाली कंचनपुरको प्रतिनिधिले किन नबोल्ने कैलाली कंचनपुरको समस्याको बारेमा बझाङ डोटीको सांसद अथवा त्याहाको जनताले किन नबोल्ने । यसरी यलाइ एकिकृत तरिकाले राख्ने गरी सुदूरपश्चिम भएपछि साच्चै हामीले सुदूरपश्चिम बनाउनुको औचित्व देखिने गरी हामी एकजुट भएर काम गर्नुनै पर्नेछ । नतरभने हाम्रो सुदूरुपश्चिम खाली त्यतिकै बनाइदिएको रहेछ । अन्तपनि ६ वटा प्रदेश भएको हुनाले यहाँपनि एउटा प्रदेश भएको रैछ भन्ने अनुभूति जनतालाइ नदिनेगरी हामीले हाम्रो प्रदेश हामी कंचनपुरको बासीले बाजुराको बारेमा बोलोस बाजुरामा दुखपर्दा कैलालीको यहाँको बुद्धिजिवी बोलोस र एकआपसमा अन्तरसम्बन्धहरु हुने कार्यक्रमहरु सरकारले संचालन गर्नुपर्ने हुन्छ नतरभने दुइचारवटा योजनाहरु दुइचारवटा कार्यक्रमहरु हिजो केन्द्रबाट पनि दिएको थियो अनि त्यसतै कार्यक्रम हामी लागु गर्न खोजियो भने यले संघियतामा त्यति राम्रो हुँदैन होला भन्ने मलाइ त्यसतो लाग्छ र त्यस कारणले म फरीपनि नेपाल कम्युनिष्ट पार्टी नेकपाको संसदीय दलको तर्फबाट पनि यहाहरु सबैलाइ यो सत्र राम्रो भाको छ । यो सत्रबाट भएको कमीकमजोरीलाइ पार गर्न सिक्दै यो सुदुरपश्चिमबासी हौं । सुदूरपश्चिमबासी हुनुको गौरब हुनेगरी सबैलाइ देखाउन सक्नेगरी हामी एक हुदात देखायौं हामीले केही विधेयकहरु अरुभन्दा अगाडी ल्याएका छौं । चाहेत्यो सुदूरपश्चिमको प्रदेशको नामाकारणगर्ने सवाल किननहोस चाहे राजधानी तोक्ने सवाल किननहोस । हो अब राजधानी बनाउदा राजधानीको ठाउ राजधानी बनाउदा हाम्रो सुदूरपश्चिमको सबै ठाउको झल्किने कसरी बनाउने यसतर्फ पनि ध्यान दियौं र पून यो सत्र राम्रो भएको छ सफल भएको छ र आगामी सत्र अझ राम्रो हुने आशा गर्दै विदा हुन्छु धन्यवाद नमस्कार ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाह**

माननीय सभामुख महोदय, हाम्रो बिचमा नयाँ वर्ष २०७६ अत्यन्तै उर्जा लिएर आशा लिएर उमंग लिएर हौसला लिएर सफलताका क्षणहरु लिएर सम्भावनाका क्षणहरु लिएर आएको छ । म यस सुखद अवसरमा नया वर्षले सुदूरपश्चिम प्रदेशको एकता विकासमा महत्वपूर्ण योगदान पुर्याओस । नयाँ वर्षले हाम्रो जिवनमा उच्च राजनीतिक सफलता प्रदान गरोस हाम्रो सहकार्य र सद्भावको संस्कृतिलाइ अगाढी बढाओस भन्ने कुराको हार्दिक शुभकामना प्रदेश सरकारको तर्फबाट व्यक्त गर्न चाहान्छु । शान्तिलाइ सम्झाउनु आमा विकास भाग्न्या होकि-२ जनताको विचमा जान्या जाँगर जागन्या होकि-२ । हाम्रो प्रदेशले गरेका काममा हामीले गर्भ गर्नुपर्दछ । जसले आफ्नो देशप्रति आफ्नो जनताप्रति आफ्नो इतिहासप्रति आफ्नो कर्मप्रति गर्भ गर्दैन त्यसको विकास हुन सक्दैन । अस्तित्वका लागि संघर्ष हो भने कृयाशीलताले नै अस्तित्वको निर्माण गर्ने कुरा महान वैज्ञानिक चाल्स डार्बिनले धेरै पहिले हामी मानव जातिलाइ सिकाउनु भएको छ । प्रदेश सरकारलाइ गर्भ छ प्रदेश सभाले सबै प्रदेश सभाको तुलनामा अध्यन गर्दाखेरी कानून निर्माणमा सदनको संचालनमा चाहे त्यो सुन्यसमयको संचालन किन नहोस चाहे विशेष समयको संचालन होस चाहे विधेयक पारित गर्ने कुरामा आम सहमति प्रदान गर्ने कुरा होस चाहे राजधानीको नामाकरण गर्ने कुरा होस चाहे स्थायी राजधानी टुङ्ग्याउने कुरा होस । हामीले उच्च सफलताका साथ सम्पन्न गरेका छौं । हामीलाइ थाहै छ अहिले कतिपय प्रदेशले आफ्नो सदनका समितिहरु

जेष्ठताका आधारमा चालाइरहेको कुरामा हामी अनविज्ञ छैन । हामी सबै यस कुरामा जानकार छौं वाकिफ छौं । हामीले सर्वसम्मतिले सदनका समितिहरुको नेतृत्व चयन गर्यौं प्रदेशको नामाकरण गर्यौं राजधानी टुंग्यायौं र शुरुमा हामीले शुन्य समय र विशेष समयमा बोल्ने प्रचलनलाइ स्थापित गर्यौं । यसले प्रदेश सभाले कुनै पनि प्रदेश सभाभन्दा आफ्नो महत्व आफ्नो हैसियतलाइ कमजोर सावित गरेको छैन । यसले आफुलाइ अगाडी अग्रवाडमा उभ्याएको छ । यसमानेमा हामीले गर्भ गर्नुगर्दछ । त्यसैगरी प्रदेश सरकारले अहिले हामीले महत्वपूर्ण यो हिउदे अधिवेशनमा महत्वपूर्ण विधेयकहरु पारित गर्यौं । आज हामीले हिउदे अधिवेशनको संघारमा छौं । सहकारी विधेयक वातावरण संरक्षण सम्बन्धी विधेयक प्रदेशका लोकमार्गको विकास गर्ने सम्बन्धी विधेयक त्यसैगरी शान्ति अमनचयन कायम गर्ने शुशासन सम्बन्धी विधेयक प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धी विधेयक र विपद व्यवस्थापन र न्यूनिकरण सम्बन्धमा बनेको विधेयक लगायतका महत्वपूर्ण विधेयकहरु हामीले यो हिउदे अधिवेशनमा पारित गरेका छौं । त्यसैले हामीले मन स्यानो गर्नुपर्ने हृदयलाइ खुम्च्याउनुपर्ने छैन । हाम्रो योग्यता हाम्रो क्षमता यो सदनको क्षमता सदनको योग्यता हाम्रा माननीय सदस्यहरुको योग्यता अब हामी प्रदेशमा सुशासन कायम गर्नमा लगाउ । दिगो शान्ति बहाली गर्ने काममा लगाउ । सुदृण आर्थिक विकास गर्ने काममा आफ्नो क्षमता लगाउ र विकासमा पहरेदारी गर्ने काममा हामी लागौं भन्ने कुरा निवेदन गर्न चाहान्छु । मैले उद्घोष गरें शान्तिलाइ सम्झाउनु आमा विकास भागन्या हो । सुशासन विधेयक हामीले ल्याएका छौं । सुशासनको जग निर्माण गर्ने काम हामीले गर्नुपर्नेछ । शान्ति हुनका निम्ति सुशासन चाहिन्छ । जहाँ भ्रष्टाचार हुन्छ त्यहाँ द्वन्द्ध हुन्छ । जहाँ सुशासन हुन्छ त्यहाँ शान्ति हुन्छ । जहाँ शान्ति हुन्छ त्यहाँ विकास हुन्छ । जहाँ विकास हुन्छ त्यहाँ समृद्धी हुन्छ यो दुनियाले बुझेको कुरा हो । कानूनको कार्यान्वयन र कर्मशीलताले चिन अहिले विश्वको महाशक्तिमा पुग्यो । अमेरिका राष्ट्र प्रेम र कर्मशीलताले संसारको महाशक्तिमा छ जापान त्यै इमान्दारिता र कर्मशीलताले निर्माण भएको हो । त्यसैले हाम्रो हात राष्ट्रप्रति हाम्रा कानून प्रति र हाम्रो इतिहासप्रति हाम्री इमान्दारीपूर्वक त्यसलाइ ग्रहण गर्ने र लागु गर्ने काममा हामी लाग्नुपर्दछ । समृद्धी सम्भव छ शान्ति सम्भव छ । त्यसैले त्यो उच्च मनोवलका साथ हामी जनताको बिचमा जाउ भन्ने कुरा मैले गितबाट यहाँहरुलाइ निवेदन गरें । संसद सरकारको आधार हो संसद विना सरकारको परिकल्पना गर्न सकिदैन । एउटा सन्तानले आफुलाइ जन्म दिने आमालाइ कहिले पनि अनादार गर्ने अपहेलना गर्ने विर्सने किमार्थ सक्दैन । जुन जगमा सरकार उभिएको छ आफ्नो हकलाइ बिर्सन सक्ने सम्भावना रहला र दुनियाँमा त्यसैले आधार हो संसद उपरिसंरचना हो सरकार । सुदूरपश्चिम प्रदेश सरकारले यो मान्यतालाइ राम्ररी आत्मसाथ गरेको छ र आफ्ना कामहरुलाइ आफ्ना निर्णयहरुमा संसदलाइ सर्वोपरी ठानेर उस्ले आफुलाइ निर्देशित गरेको छ संसदबाट निर्देशित हुने परम्पराको थालनी प्रदेश सरकारले गरेको कुरा म निवेदन गर्न चाहान्छु । आदरणीय मित्रहरु माननीय सभासदहरु हामीहरु नितान्तै नया परिवेशमा छौं । जनताले अपेक्षा गरेको समृद्धी त्यो तुरुन्तका तुरुन्तै दिनसक्ने त्यो राज्यको सामर्थ्य हामी सँग छैन । राजनीतिले नीतिलाइ गाइड गर्छ दिगगर्सन गर्छ । त्यसलाइ बोग्ने भनेको मेसिनरीले हो । कर्मचारी तन्त्रले हो । हामीसबैलाइ थाहा भएकै कुराहो कि कर्मचारीहरुको समायोजन भर्खर भर्खर हुँदैछ । प्रदेशलाइ चाहिने कानूनहरु संघीय संसदले भर्खर भर्खर निर्माण गर्दैछ । अनी हाम्रा घोषणाहरु जनताका अपेक्षाहरुलाइ हामीले सम्बोधन गर्ने जुन रफ्तारका साथ जुन गतिका साथ हामीले काम गर्नुपर्थ्यो त्यो गर्न नसकिएको कुरा दिउसको घामजतिकै सत्यकुरा हो । जनताले बुझेको कुरा पनि के सत्य हो भने प्रदेश सरकार नयाँ अवस्थामा छ । गाउघरतिर भनिन्छ नि जेठो सन्तान बाउको प्यारो कान्छो छोरो आमाको प्यारो माइलो व्यवारिसे रहने जुन पुरानो भनाइ छ गाउघरतिर । हामी तिन तहका सरकारमा पनि जेठो सरकार केन्द्रको सरकार राज्यको प्यारो छ । स्थानीय सरकार जनताको प्यारो छ । हामी प्रदेश सरकार बिचमा छौं । राज्यका स्थायी अंगहरुले

केन्द्र सरकारलाइ बलियो बनाउने त्यो हिजोकै ह्याङओभरबाट हिजोकै चिन्तनबाट अहिले पनि काम त्यो ढंगले त्यो सोच अगाढी आइरहेको हामी पाउछौं हामीलाइ भान हुन्छ । अनी प्रदेशलाइ अधिकार सम्पन्न गर्ने काममा हामी जति छिटो लाग्छौं संविधानले प्रत्यायोजन गरेका अधिकारलाइ कानून बनाएर जति छिटो संघीय संसदले यो कानूनलाइ अगाडी सार्छ प्रदेश अधिकार सम्पन्न बन्छ प्रदेशमा लोकसेवा आयोग बन्छ प्रदेशमा प्रदेश प्रहरी हुन्छ प्रदेशमा विकास प्राधिकरण हुन्छ प्रदेशमा अन्य आवश्यक संयन्त्रहरु संरचनाहरु बन्छन् र आवश्यकताअनुसार संघीयताको मर्म र मान्यताअनुसार संविधानको दिगदर्शन र निर्देशन हुन्छ र यसमा विकासको रफ्तार चलाउन सकिन्छ । यो थुप्रै प्रतिकुलताका बिचबाट हामी अगाडी पाइला बढाइरहेका छौं तैपनि हामी हाम्रो सोचमा हामी इमान्दार छौं । हामी हामीप्रति इमान्दार छौं । हामी जनताको लागि काम गरिरहेका छौं । सकारात्मक सोचका साथमा हामी काम गरिरहेका छौं । सकारात्मक सोच भएका मान्छेलाइ बिसै ख्वाएपनि औषधी हुन्छ । नकारात्मक सोच भएका मान्छेलाइ औषधी ख्वाएपनि बिष हुन्छ । त्यसैले त भनिएको छ No Poison Can Kill Apposative Think and No Medicine can save a Negative Think नकारात्मक सोच हुनेलाइ औषधीले पनि बचाउन सक्दैन सकारात्मक सोच हुनेलाइ बिषैले पनि विष लाग्दैन । त्यो मान्यताका साथ प्रदेश सरकार इमान्दार भएर आफुसँग प्राप्त स्रोत साधन ऐन कानूनलाइ कार्यान्वयन गर्ने कुरामा इमान्दारीपूर्वक लागिरहेको छ र गर्भका साथ भन्छु कानून निर्माण गर्ने कुरामा हामी सातै प्रदेशमा अग्रढी छौं । जहासम्म विकासको कार्यान्वयन नें बजेटको कार्यान्वयन गर्ने प्रगति हासिल गर्ने र वित्तीय प्रगति हासिल गर्ने सवाल छ । हामी हाम्रो प्रदेशबाट कर्मचारी संयन्त्रमा एउटा स्थायी मेसिनरीमा यो प्रदेशको माथिल्लो तहमा प्रतिनिधित्व छैन । र यो प्रदेशमा समायोजन भएर आउने उत्सुकताका साथ यो प्रदेशलाइ निर्माण गरौं भनेर खुशीका साथ आउने त्यो प्रबृती त्यो Tendency हामीले पाइरहेका छैनौं । त्यो Attitude छैन स्टेट मेशिनरीलाइ हामीले मोविलाइज गर्ने हो । त्यो यो प्रदेशमा हामीले बलियो स्टेट मेशिनरी हामीले प्राप्त गर्न सकेका छैनौ निर्माण गर्न सकेका छैनौं । त्यो चरणमा त्यो वेमा त्यो बाटोमा हामी छौं र मलाइ विश्वास छ प्रदेश सरकारलाइ विश्वास छ अब प्रदेशको लोकसेवा आयोग प्रदेशको प्रहरी ऐन यो कुराहरुलाइ हामीले सिघ्र अति सिघ्र निर्माण गरेर हामीले प्रदेशलाइ चाहिने मेनपावर स्टेट मेशिनरीको निर्माण गर्दै हामीले हाम्रो प्रदेश हामीले बनाउने कुरामा हामी अगाडी बढ्नुपर्दछ । प्रदेश सरकार दृढताका साथ त्यो लक्ष्यमा अगाडी बढ्नेछ भन्ने कुरा म निवेदन गर्न चाहान्छु । माननीय सदस्यज्यूहरु हामीले निराशाकी व्यापार गर्ने होइन । हामीले नकारात्मकताको फेलावट गर्ने होइन । हामी जनताका प्रतिनिधि हौं । जनताको योग्यतम छोराछोरीबाट आफुलाइ सर्वोतम सावित गरेर यहाँ आएका छौं । जनताको अथाहा विश्वास र आस्थाको हामी प्रतिनिधित्व गर्छौं । त्यसैले कहिले काही हामीले चिराइतो र कटुकको मात्र व्यापार गर्ने होइन हामीले मिठाइको पनि व्यापार गर्ने त्यो हृदय देखाउन सक्नुपर्दछ । संघर्षमा हामी एकै ठाउमा थियौं । जनक्रान्तिमा जनआन्दोलनमा त्याँ प्रतिपक्ष सत्तापक्ष थिएन । जब हामी कठिन दिनमा एकै ठाउमा थियौं भने यी सजिलो दिनमा हामी विभक्त हुनुपर्ने विभाजित हुनुपर्ने कुनै कारण छैन । एउटा संवैधानिक व्यवस्थाले कोही दायाँतिर कोही बायाँतिर बसेका हउला । कोही सत्तामा होउला कोही सदनमा होउला । यो अस्थायी प्रकृति हो Temporary Phenomina सत्ता पक्ष विपक्ष बन्छ विपक्ष सत्ता पक्ष हुन्छ सदनका सरकारमा आउछन् सरकारका फेरी सदनमा जान्छन् । यसमा धेरै हुटहुट्याइ गर्नुपर्ने अधैर्यता प्रकट गर्नुपर्ने अशामन्जस्यतामा रहनुपर्ने कुनै कारण छैन । हामी सबैको साझा लक्ष्य छ । यो प्रदेशको गरिबी हटाउने । यो प्रदेशको अभाव हटाउने । यो प्रदेशको पिडा हटाउने । हाम्रो स्रोत साधनहरुको अत्यधिक उपयोग गरेर यो प्रदेशलाइ आत्मनिर्भर बनाउने यो तपाइहामी सबैको साझा लक्ष्य हो साझा गन्तव्य हो । त्यो गन्तव्यका हामी साझा सहयात्री हौं । हामी एउटै नाउमा छौं । हामी एउटै डुंगामा छौं । त्यसैले त भनिन्छ समुन्द्रमा आउने आँधी हुरीबाट नै योग्यतमको पहिचान हुन्छ । अप्ठ्यारो बाट नै एउटा महान नेतृत्वको निर्माण

हुन्छ । प्रतिकुलताबाट नै हामी अनुकुलतामा जान सक्छौं । अप्ठ्यारोबाट नै हामी सहजतामा जान सक्छौं । समुन्द्रमा आउने आधी हुरीले नै एउटा योग्यतम नौका बनाउछ । त्यसैले म सबै दललाइ माननीय सदस्यज्यूहरुलाइ आग्रह गर्न चाहान्छु । अह्रम बहम र रहम भन्ने भावहरु नकारात्मक भाव हुन् । करम धरम र सरम भन्ने भावहरु सकारात्मक भाव हुन् । अहम बहम र रहमको अर्थ अहम भनेको दम्ब बहम भनेको भ्रान्ति र रहम भनेको चालबाजी यसबाट कहीपनि पुग्न सकिदैन । भ्रान्ति बहम र दम्ब र चालबाजीबाट अहिलेको युगको नेतृत्व गर्न सक्ने असल नेताको निर्माण हुन सक्दैन । असल पार्टीको निर्माण हुन सक्दैन । हिजोको युगको कुराहो उतिबेलै भने हाम्रा अग्रजहरुले हाम्रा महान विद्धानहरुले भने विश्वासम प्रतिवाहानम वाचनेका क्युवैद्धता अन्तमा रुद्रसुक्तानम अननिका क्युवौरसम उहिलै भने हाम्रा महान् पूरखाहरु विश्वासमा प्रतिघात गर्नु विश्वासमा घात गर्नु त्यो कुनै विद्धता होइन कुनै साधारण मान्छेले पनि गर्छ विश्वासमा घात त्यसको लागि सांसद बनिरहनु पर्दैन मन्त्रि बनिरहनु पर्दैन पार्टीको केन्द्रीय सदस्य भइरहनु पर्दैन जिल्ला अध्यक्ष अरु अरु निकायको नेतृत्वमा आइरहनु पर्दैन त्यो सामान्य मान्छेले प्रतिघात गर्न सक्छ विश्वासको । त्यो कुनै बहादुरी होइन कुनै महान्ता होइन कुनै विद्धता होइन । अन्तमा रुद्रसुक्तानम अननिका क्यवोरसम । सँगै सुतिरहेको मान्छेलाइ छुरा रोप्ने काम त्यो कुनै बहादुरी होइन । त्यो त उहिलै भन्यो सातौ आठौं शताब्दीमा भन्यौ हाम्रा चिन्तकहरुले हाम्रा आदरणीय दार्सनिकहरुले हाम्रा धर्मगुरुहरुले त्यतिबेलै भन्यो । र त्यतिबेला अर्को एउटा शिक्षा हामीलाइ दियो । सत्यमाता ज्ञानमपिता धर्मभ्राता दयाससा शान्तिपत्नी क्षमापुत्र सरते ममबान्दमा । हाम्रो परिवार ६ चिजले बनेको छ । कांग्रेस कम्युनिष्ट समाजवादी राजपाले भन्दा पनि हाम्रो परिवार ६ चिजले बनेको छ भनेर हाम्रा धर्मका गुरुहरु अगुवाहरुले भन्नुभो त्यतिबेला सत्य माता हो माता भनेको सत्यचिज हो । त्यो कांग्रेसले देखेपनि सत्य हो कम्युनिष्टले देखेपनि त्यै सत्य हो । सत्य माता ज्ञानम पिता गाइड गर्ने लक्ष्यमा पुर्याउने भनेको ज्ञान हो । धर्मभ्राता दयाछोसा भाइभनेको धर्म हो दया भनेको बैनी हो । अनी शान्ति भनेको पत्नी हो । क्षमा भनेको पुत्र हो । अनी यी ६ वटा सदस्यले हाम्रो सुन्दर परिवार बनेको छ भनेर हाम्रो शास्त्रले उहिलै भन्यो । लगभग १२ /१३ सय वर्ष पहिलै भन्यो अहिले भनेको होइन । Truth is my Mother Knowledge, is my Guide Religion, is my Mother, nurse is my Sister, Peace is my Wife and Tolerance is my son . This Six make my Happy Family भनेर धेरै पहिले भने हाम्रा पूर्खाहरुले । त्यसैले अहिलेका २१ औं शताब्दीका अहिलेको नयाँ Technology ले नयाँ प्रविधि र विज्ञानले खारिएर आएका हामी जनताका प्रतिनिधिहरुले अब आपसी विश्वास सहकार्य सदभाव जे बोल्छौं त्यो गर्नेगरी सकिने कुरा बोलौं । बोलेको कुरालाइ कार्यान्वयन गर्ने गरी सत्ता पक्ष प्रतिपक्ष हामी एउटै डुंगामा भएका कारणले हामीले एकअर्कामा सहकार्य सदभाव सहअस्तित्वको एउटा नर्मलाइ हामीले आत्मसाथ गरेर अगाडी बढ्नुपर्दछ । यसैमा हाम्रो प्रदेशको वृहत्तर हित छ भन्ने कुरामा हामीलाइ पूर्ण विश्वास छ । त्यसैले म अन्त्यमा अव्यवस्थाबाट व्यवस्थातिर युगको पदार्पण हुन्छ । अस्तव्यस्थताबाट सुव्यवस्थातिर युगको पदार्पण हुन्छ । दुनियाँमा देखिएको कुरा त्यै हो । अब हामी कानून कार्यान्वयन गर्ने कानुनको शासन हुने व्यक्तिको शासन होइन विधिको शासन हुने युगमा छौं । कानूनले गोभर्न गर्ने समाजलाइ कानूनले गोभर्न गर्ने युगमा छौं । त्यसैले कानून बनाउने थलो भनेको जनताको सार्वभौमसत्ता सम्पन्न थलो यै हो । त्यसैले जहाबाट प्रदेश सरकार जन्मेको छ उ जन्मने ठाउप्रति यसले विर्सनै सक्दैन । उसको ठाउनै छैन भन्ने कुरा राम्ररी प्रदेश सरकारलाइ थाहा छ । यो सार्वभौमसत्ता सम्पन्न यो गरिमामय संसदको निर्देशनलाइ शिरोपण गरेर हामीले आफ्ना नीति कार्यक्रमहरु आफ्ना कार्ययोजनाहरु अगाडी सार्ने छ । अब आउने दिनमा विगतका तिता टर्रा अध्यायबाट सिक्षा लिदै वृहत्तर एकताका निम्ति हात फराकिलो पार्दै सबैको सहमतिमा सबैको योग्यता क्षमताहरुलाइ समुचित प्रयोग गर्दै प्रदेश सरकारले प्रदेशको सर्वाँगिण विकास वृहत्तर विकास वेहेंगम विकासका निम्ति पाइला चाल्नेछ

भन्ने कुरा म या निवेदन गर्न चाहान्छु । अब हामी जनताको बिचमा जाँदै छौं र म यै भन्न चाहान्छु । हामीले बनाएका कानूनहरु महिलाका निम्ति हामीले थालेका कार्यक्रमहरु एसियाको पहिलो मन्त्री नेपालको पहिलो महिला मन्त्री जुन यो प्रदेशले जन्मायो द्धारिका देवी ठकुरानीका नाममा महिला ससक्तिकरण कार्यक्रम हामीले अगाडी सार्दै छौं । टिकाराम पार्की हाम्रो देशको पहिलो अन्तर्राष्ट्रिय व्यक्तित्व जयपृथ्वी बहादुर सिंहका नाममा छात्रवृत्ति कार्यक्रम सहिदका नाममा छात्रवृत्ति कार्यक्रम जस्ता कार्ययोजनाहरुलाइ हामीले अगाडी सारेका छौं । थुप्रै कृषि कार्यक्रमहरुलाइ आधुनिकिकरण गर्ने जनताको जिवनमा परिवर्तन ल्याउने कार्यक्रम हामीले अगाडी सारेका छौं । यि सबै कुराहरुको सकारात्मक सन्देश लिएर हामी अगाडी जाउँ । जनतालाइ आशावादी बनाउने सकारात्मक बनाउने हाम्रो भविष्य नेपालमा छ यो प्रदेशमा छ । हामी परिवर्तन गर्न सक्छौं । त्यो परिवर्तनका सम्बाहक भनेका हामी हौं भन्ने कुरामा जनताको जुन जनमत प्रकट भएको थियो । त्यो बर्करार राख्नका निम्ति हामी जनताको बिचमा जाँदैछौं । त्यो अवसरको हामी सबैले सदुपयोग गर्नेछौं भन्नेकुरा निवेदन गर्दै अन्तमा दाजुकी नभन्या भाउजु बैना भाग्याकि छ जनताको बिचमा जाने सौराइ लाग्याकि छ जनताको बिचमा जान्या सौंराइ लाग्याकि छ धन्यवाद ।

**२१. माननीय सदस्यहरू,**

यस तेस्रो अधिवेशनको अन्तिम बैठकको कार्बाही यही समाप्त हुन्छ ।

अन्तमा यस सभाको तेस्रो अधिवेशनमा सभाको मर्यादा कायम राखी अनुशासित भई बैठक सञ्चालनमा सहयोग पु¥याउने सम्पुर्ण माननीय सदस्यहरु र सचिवालयका कर्मचारीहरुलाई धन्यवाद दिदै तेस्रो अधिवेशन यँही अन्त भएको घोषणा गर्दछु ।